पथरी शनिश्चरेनगरपालिका, मोरंगद्वारा प्रकाशित

# पथरी शनिश्चरे राजपत्र

खण्ड: ४ संख्या: २ मिति :२०७७/१०/१८

# भाग -२

## पथरी शनिश्चरे नगरपालिका

### नक्सा पास प्रक्रियामा नआई पहिले नै बनेका घरहरुको घर नक्सा अभिलेखीकरण सम्बन्धि कार्यविधि -२०७७

स्थानीय सरकार संचालन ऐन, २०७४ दफा १०२ को उपदफा (१) तथा दफा ४३ को उपदफा (२) बमोजिम यो कार्यविधि पारित गरी सर्वसाधारणको जानकारीको लागि यो राजपत्र प्रकाशन गरिएको छ।

# पथरी शनिश्चरे नगरपालिका

पथरी, मोरंग
प्रदेश नं १,नेपाल

**नक्सा पास प्रक्रियामा नआई पहिले नै बनेका घरहरुको**

# घर नक्सा अभिलेखीकरण सम्बन्धि मापदण्ड/कार्यविधि - २०७७

(पथरी शनिश्चरे नगरपालिका, नगर कार्यपालिकाको २०७७/१०/१८ को बैठकबाट स्वीकृत)

अम्बिका प्रसाद धमला
प्रमुख प्रशासकीय अधिकृत

## नक्सा पास प्रक्रियामा नआई पहिले नै बनेका घरहरुको घर नक्सा अभिलेखीकरण सम्बन्धि मापदण्ड / कार्यविधि -२०७७

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४२ तथा बस्ति विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धि मापदण्ड (पहिलो संशोधन) २०७२ को बुंदा नं ८ बमोजिम यस नगरपालिकाबाट घर नक्सा पास सम्बन्धि प्रक्रियामा नआएका, प्रक्रियामा आई संरचनामा हेरफेर भएका तथा नगरपालिका हुनु पुर्व नै निर्माण भएका भवनहरुलाई नियमन गर्न घर नक्सा अभिलेखीकरणका लागि पथरी शनिश्चरे नगरपालिका, नगर कार्यपालिकाको २०७७/१०/१८ को बैठकबाट यो मापदण्ड/कार्यविधि स्वीकृत गरेको छ |

१. **संक्षिप्त नाम र प्रारम्भ**: यस कार्यविधिको नाम "नक्सा पास प्रक्रियामा नआई पहिले नै बनेका घरहरुको घर नक्सा अभिलेखीकरण सम्बन्धि मापदण्ड/कार्यविधि -२०७७" रहनेछ | यो कार्यविधि नगर कार्यपालिकाले तोकेको अवधीमा लागु हुनेछ |

२. **परिभाषा:** विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस कार्यविधिमा,

(क) " ऐन" भन्नाले "स्थानीय सरकार संचालन ऐन, २०७४" भन्ने वुझाउँछ |

(ख) "मापदण्ड" भन्नाले "शहरी योजना तथा भवन निर्माण सम्बन्धि मापदण्ड (पहिलो संशोधन) २०७२" भन्ने वुझाउँछ | यसले भवन सम्बन्धि अन्य मापदण्डहरु पनि बुझाउँछ |

(ग) "नगरपालिका" भन्नाले पथरी शनिश्चरे नगरपालिका भन्ने बुझाउँछ |

(घ) "घर अभिलेखीकरण" भन्नाले ऐनको दफा ४२ तथा मापदण्डको बुंदा ८ बमोजिमको प्रक्रियालाई बुझाउँछ | सो अनुसार घर नक्सा पास को प्रक्रियामा नआई पहिले नै बनिसकेका घरहरुको नगरपालिकामा अभिलेख राख्ने तथा नियमित गर्ने प्रक्रियालाई बुझाउँछ |

(ङ) "अभिलेखीकरण प्रयोजनको नक्सापास" भन्नाले घर नक्सा पास को प्रक्रियामा नआई पहिले नै बनिसकेका घरहरुको नगरपालिकामा अभिलेखीकरण गर्न आर्किटेक्चरल नक्सालाई प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गरी प्रमाणपत्र प्रदान गर्ने भन्ने बुझाउँछ यसले नक्सा पास भई निर्माण इजाजत दिइएको भन्ने बुझाउने छैन |

(च) "नक्सा पास" भन्नाले नयाँ बन्ने घर हरुको आर्किटिकचरल तथा स्ट्रक्चरल नक्सा तथा डिजाइन सहित प्रमुख प्रशासकीय अधिकृतबाट नक्सा स्वीकृत गरी निर्माण इजाजत दिने प्रक्रियालाई जनाउनेछ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पथरी शनिश्चरे नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई बुझाउँछ ।

(ज) "प्राविधिक" भन्नाले पथरी शनिश्चरे नगरपालिकाका प्राविधिक कर्मचारीहरुलाई बुझाउँछ ।

(झ) "परामर्श दाता इन्जिनियर" भन्नाले मापदण्डले तोके बमोजिमको यस नगरपालिकामा दर्ता भएका निजि परामर्श दाता प्राविधिक भन्ने बुझाउँछ ।

(ञ) "घर नक्सा दस्तुर" भन्नाले नगरपालिकाले तोके बमोजिमको दस्तुर भन्ने बुझाउँछ ।

३. **निवेदन दिनुपर्ने** : घर नक्सा पास तथा निर्माण इजाजत सम्बन्धि प्रक्रियामा नआई तथा पास भएको नक्सामा स्विकृति बेगर हेरफेर गरी निर्माण भइसकेको घरलाई नियमित गरी अभिलेखीकरण गरि पाउँ भनि घरधनीले अभिलेखीकरण प्रयोजनको नक्सा पास किताब, तोकिए बमोजिमका कागजातहरु, परामर्शदाता इन्जिनियरको प्राविधिक प्रतिवेदन र घरको नक्सा सहित अनुसूची १ बमोजिमको निवेदन दिनु पर्नेछ । उक्त किताब तोकिएको दस्तुर तिरि नगरपालिकाबाट प्राप्त गर्न सकिनेछ ।

४. **सूचना जारी गर्ने** : नगरपालिकाको घर नक्सा शाखाले बुँदा ३ बमोजिमको निवेदन रीत पुर्वकको भए नभएको जाँची दर्ता गर्ने र ऐनको दफा ३१ (क) बमोजिम १५ दिने सन्धि सर्पन बारेको संधियारलाई सूचना अनुसूची २ बमोजिम नगरपालिकाले जारी गर्ने । त्यस सूचना बुझेको भर्पाई तथा सूचना टाँस मुचुल्का अनुसूची ३ बमोजिम गराउने ।

५. **सर्जमिन तथा प्राविधिक प्रतिवेदन**: (क) बुंदा ४ बमोजिमको सूचनामा कसैको उजुरी नपरेमा उक्त म्याद सकिएको ७ दिन भित्र नगरपालिकाले अमिन खटाई अनुसूची ४ बमोजिमको सर्जमिन मुचुल्का उठाउने । उजुरी परेमा ऐन बमोजिम गरिने ।

(ख) घर बनेको जग्गाको प्राविधिक प्रतिवेदन अनुसूची ५ बमोजिम तयार गर्ने ।

अम्बिका प्रसाद घमला
प्रमुख प्रशासकीय अधिकृत

६. **घरको फिल्ड निरिक्षण तथा प्राविधिक प्रतिवेदन**: (क) घर नक्सा शाखाका प्राविधिकले सो घरको निरिक्षण गरी अनुसूची ६ बमोजिमको प्रतिवेदन पेश गर्ने |
(ख) पेश भएको नक्सा बमोजिम घर भए नभएको यकिन गरी नभएमा घरधनीलाई घर बमोजिम कै नक्सा सुधार गर्न लगाउने |

७. **घर नक्सा पास गरी अभिलेखीकरण प्रमाणपत्र प्रदान गर्ने** : बुंदा ५ र ६ का आधारमा निम्न बमोजिम गर्ने

(क) सो घर सडक अधिकार तथा सेटब्याक भित्र नपरेको एवं घरको न्युनतम मापदण्ड पुरा भएको भए तोकिए बमोजिमको घर नक्सा पास दस्तुर तथा जरिमाना लिई "पहिले नै बनेको घरको अभिलेख एवं नियमनका लागि जारी गरिएको" भन्ने उल्लेख गरि र घरधनीबाट सो घरको मापदण्ड पालना सम्बन्धमा स्वघोषणा गराई अभिलेखीकरण प्रयोजनको नक्सा पास गरी अनुसूची ७ बमोजिमको प्रमाणपत्र प्रदान गर्ने |

(ख) सो घर सडक अधिकार तथा सेट ब्याक भित्र परेमा वा न्युनतम मापदण्ड पूरा नभएको पाइएमा मापदण्ड भित्र मात्र पर्ने भाग घर नक्सामा नै छुट्टयाइ सो भागको मात्र घर नक्सा पास दस्तुर तथा जरिवाना लिई बाँकि भागलाई नक्सा प्रमाणित गर्न नमिल्ने (Non-Passable) भन्ने जनाई मापदण्ड भित्र नपरेको घरको भाग आवश्यक परेको अवस्थामा हटाउने मंजुरिनामा प्रमाण पत्रमा नै गराई "पहिले नै बनेको घरको अभिलेख एवं नियमनका लागि जारी गरिएको" भन्ने उल्लेख गरि र घरधनी बाट सो घरको मापदण्ड पालना सम्बन्धमा स्वघोषणा गराई अभिलेखीकरण प्रयोजनको नक्सा पास गरी अनुसूची ८ बमोजिमको प्रमाणपत्र प्रदान गर्ने |

(ग) घर नक्सा प्रमाणित वा नक्सा पास सहितको अभिलेखीकरण आवश्यक पर्ने घर धनीहरु सबैले यहि कार्यविधि बमोजिममात्र प्रमाण पत्र एवं घर अभिलेखीकरण प्रयोजनको नक्सा पास प्राप्त गर्न सक्नेछन | घर नक्सा आवश्यक नपरी घर अभिलेखीकरण प्रमाण पत्र मात्र आवश्यक पर्ने घर, अस्थाई प्रकृतिका घर तथा

टहरा हरुले नियामनुसार अनुसूची ८ बमोजिमको प्रमाणपत्र मात्र प्राप्त गर्न सक्ने छन् ।

८. **स्पष्टिकरण:** (क) यस कार्यविधि अन्तर्गत प्रदान गरिएका घर अभिलेखीकरण प्रयोजनको नक्सा पास तथा प्रमाण पत्रहरुले सो भवन घर नक्सा पासको प्रक्रियामा नआई पहिले नै बनिसकेका घरहरुको नगरपलिकामा अभिलेख राख्ने तथा नियमित गर्ने प्रयोजनका लागि भएको भन्ने बुझाउने छ , यसले नक्सा पास भएको वा निर्माण इजाजत दिइएको भन्ने कुनै पनि किसिममा बुझाउने छैन | नक्सा पासको प्रक्रियामा नआई पहिले नै बनिसकेका घरहरु वा स्वीकृत नक्सा भन्दा अलग किसिमले बनिसकेको घरहरु भएको कारणले सो घरहरुको कुनै भाग मापदण्ड भित्र नपरेको ठहरिन गएमा सो सम्बन्धमा कानून बमोजिम हुनेछ | त्यस उपर नगरपालिकामा कुनै किसिमका उजुर वाजुर लाग्ने वा नगरपालिकाले ती उजुरी सम्बन्धमा कुनै कारवाही गर्ने छैन |

(ख) अब निर्माण हुने कुनै पनि घर तथा भवन हरु अनिवार्य रुपमा नक्सा पास गराएर र निर्माण इजाजत लिएर मात्र निर्माण गर्नु पर्नेछ, अन्यथा तोकिए बमोजिम जरिवाना लाग्ने तथा कानून बमोजिम कारबाही हुनेछ | स्वीकृत नक्सा विपरित घर निर्माण गरेमा समेत तोकिए बमोजिम जरिवाना लाग्ने तथा कानून बमोजिम कारबाही हुनेछ |

(ग) यस कार्यविधि अन्तर्गतको घर अभिलेखीकरण प्रक्रिया सम्बन्धमा कुनै गुनासो भए नियमानुसार उजुरी गर्न सकिनेछ, तत् सम्बन्धमा ऐन बमोजिम गरिनेछ | यस कार्यविधि अन्तर्गत प्रमाणपत्र लिँदा कुनै गलत जानकारी वा कागजात पेश गरेको ठहर भएमा सो अभिलेखीकरण प्रयोजनको नक्सा पास तथा प्रमाणपत्र स्वत: खारेज हुनेछ |

**९. अवधि र बचाऊ:** (क) यो कार्यविधि अन्तर्गतको प्रक्रियामा आउन कार्यपालिकाले तोकेको अन्तिम मिति भित्र रित पूर्वकको निवेदन दर्ता भइसकेको हुनु पर्नेछ |

(ख) हाल सम्म यस नगरपालिकाबाट पहिले नै बनेका घर / पुराना घर (Existing Building) भनेर प्रदान गरिएका निर्माण सम्पन्न प्रमाणपत्रहरु ,अभिलेखीकरण प्रमाणपत्रहरु तथा नक्सा प्रमाणित / घर अभिलेखीकरण प्रयोजनको नक्सा पास यसै कार्यविधि बमोजिम प्रदान गरिएको मानिनेछ |

अम्बिका प्रसाद घमला
प्रमुख प्रशासकीय अधिकृत

पथरी शनिश्चरे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पथरी, मोरङ
प्रदेश नं.-१, नेपाल

अम्बिका प्रसाद धमला
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूचिहरु:

### अनुसूची १

मिति : २०७..../.../...

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यु,
पथरी शनिश्चरे नगरपालिका, मोरंग |

**विषय : पुरानो घरको अभिलेखीकरण प्रयोजनको घर नक्सा पास बारे |**

प्रस्तुत बिषयमा मेरो / हाम्रो नाममा रहेको हाल पथरी शनिश्चरे नगरपालिका वडा नं ..... ( साबिक ..................) को कित्ता नं .................. र क्षेत्रफल ..........................................भएको जग्गामा बनेको, जम्मा क्षेत्रफल (घरको) ........................ बर्गफुट भएको, ....... तले आवासीय / व्यपारिक प्रयोजनको घर नक्सा पास प्रक्रियामा नआई / पास भएको नक्सामा फेरबदल भई पहिले नै निर्माण सम्पन्न भइसकेकोले नियमानुसार अभिलेखीकरण प्रयोजनको नक्सा पास सहितको प्रमाणपत्र प्रदान गरिदिनुहुन आवश्यक सबै कागजात सहित निबेदन गर्दछु / गर्दछौँ |

निवेदक / निवेदकहरु :

नाम:

प. श. वडा नं: ............................

सम्पर्क नं:...................................

अम्बिका प्रसाद धमला
प्रमुख प्रशासकीय अधिकृत

पथरी शनिश्चरे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पथरी, मोरङ
प्रदेश नं.-१, नेपाल

अनुसूची २

अम्बिका प्रसाद धमला
प्रमुख प्रशासकीय अधिकृत

## पथरी शनिश्चरे नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पथरी, मोरङ

प.सं. 
१ नं. प्रदेश, नेपाल

च.नं.

मिति :..........................

## संधियारको नाममा १५ दिने सूचना

पथरी शनिश्चरे नगरपालिका वडा नं ...... बस्ने श्री ..........................................................................ले पथरी शनिश्चर नगरपालिका वार्ड नं. ...... को साविक .......................................... वार्ड नं. ................ कित्ता नं. ................ क्षेत्रफल ................................................ को

पूर्व:

पश्चिम:

उत्तर:

दक्षिण:

यति चार किल्लाभित्रको जग्गामा तपशीलमा उल्लेख भए बमोजिमको पहिले नै निर्माण भएको घरको घरनक्सा पास सहितको अभिलेखिकरण प्रमाण पत्र पाऊँ भनि मिति ............................................................. मा निवेदन दिनुभएकोले सो बनेको घरको साँध सँधियार कोही कसैलाई पिरमर्का परेको भए आफूलाई मर्का परेको सबै विवरण खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस नगरपालिका कार्यालयमा उजुर वाजुर गर्नुहुन स्थानीय सरकार संचालन ऐन बमोजीम यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र पर्न नआएका उजुरी प्रति कुनै कारवाही गरिने छैन ।

## तपशील

१) घरको संरचनाको किसिम : ................................ २) लम्बाई..................................
३) चौडाई : ................................ ४) भुँइ तलाको क्षेत्रफल : ..............................
५) उचाई : ......................... ६) तला संख्या : ...........................

....................................
घर नक्शा शाखा

..................................
प्रमुख प्रशासकिय अधिकृत



अम्बिका प्रसाद धमला
प्रमुख प्रशासकीय अधिकृत

पथरी शनिश्चरे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पथरी, मोरङ
प्रदेश नं.-१, नेपाल

अम्बिका प्रसाद धमला
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ३

## सूचना बुझाएको भर्पाई तथा टाँस मुचुल्का बारे

यस नगरपालिका वडा नं ..... मा अवस्थित कित्ता नं ..............र क्षेत्रफल ..........................मा भवन निर्माण गर्ने घरधनी श्री ..................................................

........................ले भवन निर्माण भएको घरको अभिलेखीकरण गर्ने प्रयोजनको सिलसिलामा यस नगरपालिका कार्यालयको च.नं ............ मिति ........................................गते प्रकाशित १५ दिने संधि सर्पन बारेको सूचना घर धनीले संधियारलाई बुझाई एक प्रति सूचना हामीहरुको रोहबरमा निर्माण स्थलको सबैले देख्ने ठाउँमा टास गरेको ठिक हो |

१. पूर्व संधियार श्री..........................................दस्तखत............
२. पश्चिम संधियार श्री..........................................दस्तखत............
३. उत्तर संधियार श्री..........................................दस्तखत............
४. दक्षिण संधियार
 श्री.......................................................................दस्तखत..........

साक्षीहरु :-

१. श्री..................................... दस्तखत......
२. श्री....................................... दस्तखत........
३. श्री.........................................दस्तखत........................

घरधनी:
श्री............................................. दस्तखत...........

उपर्युक्त सूचना संधियारहरुलाई बुझाई निर्माण स्थलमा टाँस गरि वडाको जानकारीका लागि १ प्रति सूचना बुझिलिएको हो |

दस्तखत........................
नाम:
श्री........................................................
वडा सचिव
........नं वडा समितिको कार्यालय

वडाको छाप

मिति: .............साल.........महिना...........गते

अम्बिका प्रसाद धमला
प्रमुख प्रशासकीय अधिकृत

पथरी शनिश्चरे नगरपालिका नगर कार्यपालिकाको कार्यालय पथरी, मोरङ प्रदेश नं.-१, नेपाल

अम्बिका प्रसाद धमला
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ४

**पहिले नै बनेको घरको अभिलेखीकरण प्रयोजनको नक्सा पास तथा प्रमाणपत्र लिनका लागि सर्जमिन मुचुल्का**

लिखितम् यस पथरी शनिश्चरे नगरपालिका वडा नं. ....... बस्ने श्री ........................................................ को प.श. न.पा. वडा नं. ....... साविक ........................ वडा नं......... को कि.नं. ........................... क्षेत्रफल ............................को जग्गामा पहिले नै बनेको घरको अभिलेखीकरण प्रयोजनको नक्सा पास तथा प्रमाणपत्रका निमित्त दरखास्त पेश हुन आएकोमा सो घर बनेको जग्गा तथा सो घरको अभिलेखीकरण प्रयोजनको नक्सा पास तथा प्रमाणपत्र लागि सन्धि सर्पन बारेको १५ दिने सूचना प्रकाशित गर्दा कोहि कसैको उजुरी नपरेकोले सर्जमिन मुचुल्का उठाउनुपर्ने भएकोमा सो घर बनेको जग्गाको साँध सँधियार, छर छिमेकीलाई एक स्थानमा भेला गराई खटिई आउनुभएका डोर मार्फत सोधनी हुँदा तत्सम्बन्धमा व्यहोरा यो छ कि उक्त घरजग्गामा कोही कसैको खिचोला नभएको, कोही कसैलाई सन्धीसर्पन, पिरमर्का नपर्ने देखिएको हुँदा सो पेश गरेको घर नक्सा पास सहितको अभिलेखीकरण गरि प्रमाणपत्र दिएमा ठीक छ, व्यहोरा ठीक साँचो हो भनी यस मुचुल्कामा सहीछाप गरी खटिई आउनुभएका डोर मार्फत पथरी शनिश्चरे न.पा. कार्यालयमा चढायौं ।

(सबैको नाम तथा हस्ताक्षर)

**साक्षीहरु**

१) वार्ड नं. ........बस्ने वर्ष .........का श्री ....................................................दस्तखत............................
२) वार्ड नं. ........ बस्ने वर्ष .........का श्री ....................................................दस्तखत ..........................
३) वार्ड नं. ........बस्ने वर्ष .........का श्री ....................................................दस्तखत ..........................

**साँध सँधियार**

पूर्व तर्फ : वर्ष .........का श्री ....................................................दस्तखत ..........................
पश्चिम तर्फ : वर्ष .........का श्री ....................................................दस्तखत ..........................
उत्तर तर्फ : वर्ष .........का श्री ....................................................दस्तखत ..........................
दक्षिण तर्फ : वर्ष .........का श्री ....................................................दस्तखत ..........................

**सम्बन्धित घरधनी**

वडा नं. .......बस्ने वर्ष .........का श्री ....................................................दस्तखत ..........................

**रोहबर**

वार्ड नं. ......का वडाध्यक्ष/वडा प्रतिनिधी श्री ................................................ दस्तखत ....................

**काम तामेल गर्ने**

प.श.न.पा. का श्री................................................................ दस्तखत ..........................

पद:.............................

इति सम्वत् २०....... साल ................. महिना .................... गते रोज .................... शुभम् ।



अम्बिका प्रसाद धमला
प्रमुख प्रशासकीय अधिकृत

यस नगरपालिकाको स्टाम्प: पथरी शनिश्चरे नगरपालिका नगर कार्यपालिकाको कार्यालय पथरी, मोरङ प्रदेश नं.-१, नेपाल

# अनुसूची ५

## प्राविधिक प्रतिवेदन

यस नगरपालिका स्थान ......................... वडा नं ........मा अवस्थित कित्ता नं ............................... क्षेत्रफल.........................................................मा पहिले नै बनिसकेको घरको घरधनी श्री ............................... ..................................... ले घर अभिलेखीकरण प्रयोजनको नक्सापासका लागि पेश गरेको नक्सा सम्बन्धमा मिति ........................................... मा स्थलगत निरीक्षण गरी देहाय बमोजिमको प्रतिवेदन पेश गरेको छु।

१. भू उपयोग क्षेत्र .......................................

२. निर्माण भएको स्थल सम्मको पुग्ने बाटोको अवस्था :

२.१ बाटोको किसिम: ☐ पिच ☐ ग्रावेल ☐ मोटर जाने ☐ कच्ची ☐ अन्य

२.२ बाटोको चौडाई:.............................

२.३ मापदण्ड अनुसारको सडक अधिकार क्षेत्र र साइट प्लान मेल खान्छ खादैन सो को विवरण ..........................................................................................

३. निर्माण भएको भवनले सार्वजनिक स्थल वा निर्माणलाई बाधा पु-याएको छ ☐ छैन ☐

४. खोला/ खहरे/ नदि /ताल /कुलो आदि नजिक भए सो देखि ,

४.१ भवन निर्माणको जग्गा सम्मको दुरी :..................................................

४.२ बनेको भवनको बाहिरी भाग सम्मको दुरी .................................................

५. निर्माण भएको जग्गा वा सोको नजिकबाट हाइटेन्सन लाइन गएको छ ☐ छैन ☐ छ भने

५.१ निर्माण भएको जग्गा सम्मको दुरी ...........................................

५.२ बनेको भवनको बाहिरी भाग सम्मको दुरी ...........................................

६. नापी नक्सा र फिल्डको आकार प्रकार : मिल्छ ☐ मिल्दैन ☐



शिवकोटी प्रसाद घमला
प्रमुख प्रशासकीय अधिकृत

७. लाल पुर्जा भन्दा फिल्डमा जग्गा ठिक ☐ बढी ☐ घटी ☐ देखिन्छ ।

८. प्राविधिक अन्य कुरा भए खुलाउने (भिरालो जग्गा, भौगर्भिक धाँजा आदि )

प्रतिवेदन पेश गर्ने प्राविधिकको नाम : ..............................................................

पद: ..........................................

सहि:

मिति:.......................................

फिल्ड नक्सा :

अनुसूची ६

**विषय : अभिलेखीकरण प्रयोजनको घर नक्सा पासका लागि निवेदन आएको घरको घर नक्सा शाखाको फिल्ड प्रतिबेदन**

यस नगरपालिका वडा नं ........ बस्ने श्री ................................... ले निजको नाममा रहेको साबिक .............................. हाल यस नगरपालिका वडा ..... को कित्ता नं ........................तथा क्षेत्रफल .................................. ..................................भएको जग्गामा बनेको ........ तले घरको यस नगरपालिकाबाट नक्सा पास प्रक्रियामा नआई पहिले नै निर्माण सम्पन्न भएको भनि निजले मिति ........ ..............................मा दर्ता नं ................. मार्फत निवेदन दिनु भएकोमा मैले मिति ........................... ....................मा घरको प्राविधिक चेक जांच गर्दा निम्न बमोजिम पाईएको प्रतिवेदन पेश गर्दछु।

१. सडक अधिकार क्षेत्रको चौडाई ........................... २. छोड्नु पर्ने सेट ब्याक .................

३. सडक अधिकार पालना: ☐ भएको ☐ नभएको

४. सेटब्याक: ☐ पुगेको ☐ नपुगेको

५. घरको स्ट्रक्चरल सिस्टम फ्रेम ☐ ☐ लोड बियारिंग ☐ अन्य (खुलाउने)........

६. क्षेत्रफल:

भुइँ तला ........................................................ पहिलो तला ........................................................

दोस्रो तला........................................................ तेस्रो तला........................................................

जम्मा क्षेत्रफल

७. पेश भएको नक्सा बमोजिम ☐ भएको ☐ नभएको

८. भवन सम्बन्धि न्युनतम मापदण्डहरु पालना ☐ भएको ☐ नभएको

९. अन्य केहि भए खुलाउने ........................................................................................

**प्रतिवेदन पेश गर्नेको:**

नाम:

पद:

सही:

मिति:

अनुसूची ७

फोन : ०२१-५५५२१२
फ्याक्स नं. : ०२१-५५५२९६

# पथरी शनिश्चरे नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

पथरी मोरङ

प्रदेश नं. १, नेपाल

पत्र संख्या :

चलानी नम्बर :

मिति :

## निर्माण कार्य सम्पन्न प्रमाण-पत्र

प्रमाण पत्र नं.

मिति:

घर नं.

श्री ........................ ले पथरी शनिश्चरे नगरपालिका वडा नं. ........
टोल ठाउँ ........................ मा निम्नबमोजिमको ........................ पारित नक्सा र मापदण्ड बमोजिम निर्माण कार्य पुरा गरेकोले यो निर्माण कार्य सम्पन्न प्रमाण-पत्र प्रदान गरिएको छ।

१. सम्बन्धित घर तथा जग्गाधनीको नाम, थर र वतन ........................

२. जग्गाको विवरण:

साविक........................ गा.वि.स. वडा नं. ...... हाल पथरी शनिश्चरे नगरपालिका वडा नं. ........

टोल ........................ कित्ता नं. ........................ क्षेत्रफल ........................

३. जग्गाको चार किल्ला:

पूर्वमा .............. फिट आफ्नो जग्गापछि कित्ता नं. .............. संधियारको नाम ..............

पश्चिममा .............. फिट आफ्नो जग्गापछि कित्ता नं. .............. संधियारको नाम ..............

उत्तरमा.............. फिट आफ्नो जग्गापछि कित्ता नं. .............. संधियारको नाम ..............

दक्षिणमा.............. फिट आफ्नो जग्गापछि कित्ता नं. .............. संधियारको नाम ..............

निर्माण सम्पन्न भएको ................ तले घरको विवरण:

१. नयाँ घर तल्ला थप पुरानो घर भत्काई नयाँ घर बनाउने कम्पाउण्ड पर्खाल

२. घरको किसिम:

३. क्षेत्रफल

बेसमेण्ट .................... वर्ग फिट, भूँई तल्ला .................... वर्ग फिट।

पहिलो तल्ला.................... वर्ग फिट, दोस्रो तल्ला .................... वर्ग फिट।

तेस्रो तल्ला.................... वर्ग फिट, चौथो तल्ला .................... वर्ग फिट।

४. घरको प्लीन्थको लम्बाई (सबैभन्दा बढी लम्बाई) .............. चौडाई (सबैभन्दा बढी चौडाई) ..............

५. घरको प्लीन्थको लम्बाई माथि सबैभन्दा उचाईसम्मको उचाई ........................

६. शौचालय संख्या .................... बाथरुम संख्या ........................

७. सेफ्टी ट्याङ्की लम्बाई .............. चौडाइ .............. सेफ्टी छ छैन।

८. हाल भएको सडकको केन्द्र रेखाबाट छाड्नु पर्ने ........................

९. सेडब्याक ........................

१०. अन्य केही कुरा भए सोविवरण

........................ ........................ ........................

सब-इन्जिनियर इन्जिनियर प्रमुख प्रशासकीय अधिकृत

अम्बिका प्रसाद घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

पथरी शनिश्चरे नगरपालिका नगर कार्यपालिकाको कार्यालय पथरी, मोरङ प्रदेश नं.-१, नेपाल

अम्बिका प्रसाद धमला प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ८

# पथरीशनिश्चरे नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## पथरी, मोरङ

### घर अभिलेखीकरण प्रमाण पत्र

पत्र संख्या :
फायल नं. :

मिति :

श्रीमान् /श्रीमती /सुश्री ..............................................................

ठेगाना ..............................................................

महाशय,

तपाईले यस नगरपालिकाको साविक ............... हाल पथरी शनिश्चरे नगरपालिका वडा नं. ..................को कि. नं. ............................................................. ज.वि. ........................ मा पक्की/टिनको छानो भएको .......... तले निम्न विवरण बमोजिमको संरचना निर्माण कार्य नगरपालिका हुनु पूर्व मिति ............................. मा सम्पन्न गर्नु भएकोले यस न.पा. मा तपाईको सम्पन्न संरचनाको अभिलेख खडा गरी यो प्रमाण-पत्र दिईएको छ ।

भवनको वर्गिकरण : क ☐ ख ☐ ग ☐ घ ☐ निर्माणको स्ट्रक्चरल सिस्टम ........................

घरको अभिलेखिकरणको लागि स्वीकृत क्षेत्रफल : ............................................

| | लम्बाई | चौडाई | उचाई | क्षेत्रफल (वर्ग फिटमा) |
|---|---|---|---|---|
| भूमिगत तला | | | | |
| भूइतला | | | | |
| पहिलो तला | | | | |
| दोस्रो तला | | | | |
| तेस्रो तला | | | | |
| चौथो तला | | | | |
| पाँचौ तला | | | | |

### घर अभिलेखिकरण प्रमाण पत्र दिदा अपनाउने कार्यविधि

१. यो प्रमाण पत्रले घर नक्शा पास भनि कुनै पनि किसिममा जनाउने छैन्, मात्र सो घर नगरपालिका पूर्व बनेको भएर सो घरको नगरपालिकामा घर अभिलेखिकरण गरिएको जनाइनेछ ।

२. सो अभिलेखीकरण भवन नगरपालिकामा कर लिइएको क्षेत्र मात्र कायम गरिएको बुझिनेछ र आवश्यक परेको खण्डमा नगरपालिकाले सो मापदण्ड भित्र बनेको संरचनालाई हटाउन लगाउनेछ । हटाउने बेलामा निजले आफैले नै नगरपालिकाले तोकेको म्याद भित्र भत्काउनुपर्छ अन्यथा नगरपालिकाले नै भत्काइ लागेको खर्च असुल गर्नेछ ।

| ..................... | ..................... | ..................... |
|---|---|---|
| सब-इन्जिनियर | इन्जिनियर | प्रमुख प्रशासकिय अधिकृत |

अम्बिका प्रसाद धमला प्रमुख प्रशासकीय अधिकृत

आज्ञाले,
अम्बिका प्रसाद धमला
प्रमुख प्रशासकीय अधिकृत
पथरी शनिश्चरे नगरपालिका
मोरंग